# गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण मितिः- २०७५।०२।१३

**<u>संशोधनः</u>**

प्रथम सशोधन मितिः- २०७६।०३।०५

संवत् २०७५ सालको ऐन नं. १०

**<u>प्रस्तावना</u>** : नेपालको संविधानको धारा २२७ बमोजिम गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम "गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका तथा नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(ख) "कार्यपालिकाको बैठक" भन्नाले नेपालको संविधानको धारा २१५ को उपधारा (१), (२) र (४) तथा धारा २१६ को (१), (२) र (४) बमोजिमको कार्यपालिकाको बैठक सम्झनु पर्छ र सो शब्दले कार्यपालिकाद्वारा गठित समिति तथा वडा समितिहरुको बैठकलाई समेत जनाउँछ ।

(ग) "न्यायिक समिति" भन्नाले नेपालको संविधानको धारा २१७ को उपधारा (१) बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले नेपालको संविधानको अनुसूची-४ बमोजिमको प्रदेश नं. १ लाई सम्झनु पर्छ ।

(ङ) "वडा" भन्नाले गाउँपालिका तथा नगरपालिकाको वडा सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले नेपालको संविधानको धारा २२२ को उपधारा (२) बमोजिमका अध्यक्ष र उपाध्यक्ष, प्रत्येक वडाबाट निर्वाचित वडाध्यक्ष र चारजना सदस्य, धारा २१५ को उपधारा (४) बमोजिम दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित गाउँ कार्यपालिकाका सदस्य तथा धारा २२३ बमोजिमका प्रमुख र उप प्रमुख, प्रत्येक वडाबाट निर्वाचित एकजना वडाध्यक्ष र चारजना सदस्य, धारा २१६ को उपधारा (४) बमोजिमका दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित नगर कार्यपालिकाका सदस्यलाई सम्झनु पर्छ । सो शब्दले उपमहानगरपालिका र महानगरपालिकाका सदस्य समेतलाई जनाउँछ ।

(छ) "सभा" भन्नाले नेपालको संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको सदस्य रहेको गाउँ सभा तथा धारा २२३ को उपधारा (१) बमोजिमको सदस्य रहेको नगर सभालाई सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिका र महानगरपालिकाको सभा समेतलाई जनाउँछ ।

(ज) "सभाको बैठक" भन्नाले नेपालको संविधानको धारा २२२ को उपधारा (२) र धारा २२३ को उपधारा (३) बमोजिमको सभाको बैठकलाई सम्झनु पर्छ र सो शब्दले सभाद्वारा गठित समितिहरुको बैठक समेतलाई जनाउँछ ।

(झ) "सुविधा" भन्नाले यस ऐन बमोजिम गाउँ सभा तथा नगर सभाका सदस्यलाई पारिश्रमिक बाहेक विभिन्न शीर्षकमा दिइने सुविधालाई सम्झनु पर्छ ।

३. **<u>सुविधा</u>** : (१) गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाको अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, वडाध्यक्ष, कार्यपालिकाका सदस्य र वडा सदस्यले अनुसूची-१ (क), (ख), (ग) र (घ) मा उल्लेख भएबमोजिमको सुविधालाई अधिकतम कायम गरी कार्यपालिकाले निर्धारण गरेबमोजिमको सुविधा पाउनेछ ।

[1](२) उपदफा (१) बमोजिमको सदस्यले पाउने सुविधा मध्ये गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष, नगरपालिका प्रमुख/उपप्रमुख, गाउँपालिका र नगरपालिका वडाध्यक्ष, कार्यपालिका सदस्य तथा वाड सदस्यले अनुसूची–१ मा उल्लेख भए बमोजिमको बैठक भत्ता वापतको रकम पाउने छन् ।

**स्पष्टिकरणः** बैठक भन्नाले कार्यपालिका समिति तथा उपसमितिको बैठकलाइ समेत जनाउँछ ।

(३) उपदफा (१) बमोजिमको अतिरिक्त महानगरपालिका र उपमहानगरपालिकाको प्रमुख र उप प्रमुखले कार्यालय प्रयोजनका लागि एक/एकजना कर्मचारीलाई निजी सचिवको रुपमा राख्न सक्ने छ र नगरपालिका / गाउँपालिकाको हकमा प्रमुख / अध्यक्षले र उपप्रमुख / उपाध्यक्षले नगर/गाउँपालिकाको राजश्व र आन्तरिक आय एवं कार्यालयको कार्यबोझ समेतलाई ध्यानमा राखी कार्यपालिकाको निर्णय बमोजिम एकजना कर्मचारीलाई निजी सचिवको रुपमा राख्न सक्नेछ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि चाडपर्व खर्चको हकमा वर्षमा एकपटक सम्बन्धित स्थानीय तहको आन्तरिक राजश्व र आम्दानीलाई विचार गरी गाउँ तथा नगरपालिकाको सदस्यले रु. दश हजार र उपमहानगरपालिका तथा महानगरपालिकाका सदस्यको हकमा रकम रु. पन्ध्र हजारमा नबढ्ने गरी सभाले स्वीकृत गरेको बजेटको सीमाभित्र रही कार्यपालिकाले निर्णय गरेबमोजिम चाडपर्व खर्च पाउनेछ ।

(५) दफा ३ बमोजिम प्राप्त हुने सुविधाको बिल भरपाई पेश गर्नु पर्ने छैन ।

[1] पहिलो संशोधनद्वारा संशोधित

४. **सभाको बैठक भत्ता** : (१) ऐनको दफा ३ को उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सभा संचालन भएको अवस्थामा सभाको प्रत्येक बैठकमा उपस्थित हुने सदस्यले अनुसूची-२ बमोजिमको भत्ता पाउनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सभाद्वारा गठित विषयगत समितिको हकमा जतिसुकै पटक बैठक बसे पनि बैठकमा उपस्थित सदस्यले एक महिनामा एउटा बैठकको मात्र बैठक भत्ता पाउनेछ । त्यस्तो बैठक भत्ता सभाको बैठकमा पाउने बैठक भत्ताको रकम भन्दा बढी हुने छैन ।

५. **सुविधा पाउने** : यस ऐन बमोजिमको सुविधा निर्वाचित भएको सदस्यले शपथ ग्रहण गरेको मिति देखि पाउनेछ ।

६. **न्यायिक समितिको बैठक भत्ता** : यो ऐनको दफा ३ को उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि न्यायिक समितिको बैठकमा उपस्थित सदस्यले अनुसूची-३ बमोजिमको भत्ता पाउनेछ ।

[2]तर, समितिको बैठक महिनामा जतिसुकै पटक बसेपनि उपस्थित सदस्यले चार पटक भन्दा बढी बैठकको बैठक भत्ता पाउने छैन ।

७. **यातायात सुविधा** : [3](१) महानगरपालिका तथा उपमहानगरपालिका प्रमुख/उपप्रमुख र नगरपालिकाको प्रमुखलाईसम्बन्धित कार्यपालिकालेएक एक वटा हलुका सवारी साधन उपलब्ध गराउन सक्ने छ र त्यसरी सवारी साधन उपलब्ध गराउन नसकेमा त्यस्ता पदाधिकारीले यस ऐन बमजिमको यातायात खर्च पाउनेछ ।

[4](२) नगरपालिकाको उपप्रमुख तथा गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षको हकमा सम्बन्धीत स्थानीय तहको आवश्यकता आन्तरीक राजश्वको परीचालनको अवस्था समेतलाइ ध्यान दिइ सम्बन्धीत कार्यपालिकाको निर्णय बमोजिम एक एक वटा हलुका सवारि साधन उपलब्ध गराउन सक्नेछ र त्यसरी सवारी साधन उपलब्ध गराउन नसकेमा त्यस्ता पदाधिकारीले यस ऐन बमोजिम यातायात खर्च पाउनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम सवारी साधन प्राप्त गर्ने सदस्यलाई अन्य यातायात सुविधा दिइने छैन ।

(४) सवारी साधनको निम्ति सभाबाट स्वीकृत भएको बजेटभित्र रही कार्यपालिकाले निर्णय गरेबमोजिमको मासिक रुपमा तोकिएको सवारी इन्धन तथा मोविल कार्यपालिकाबाट उपलब्ध हुनेछ ।

---

[2] पहिलो संशोधनद्वारा संशोधित

[3]पहिलो संशोधनद्वारा संशोधित

[4]पहिलो संशोधनद्वारा संशोधित

८. **भ्रमण सम्बन्धी व्यवस्था** : (१) गाउँ तथा नगर कार्यपालिकाका अध्यक्ष/प्रमुख तथा उपाध्यक्ष /उप प्रमुख र सभाका सदस्यले गाउँ तथा नगरपालिकाको कामको सिलसिलामा आफ्नो गाउँ तथा नगरपालिकाको क्षेत्र भन्दा बाहिर गई बास बस्नु परेमा अनुसूची-१ को (क)¸(ख)¸(ग) र (घ) मा उल्लेख भए बमोजिमको भ्रमण खर्च पाउनेछ ।

तर¸ भ्रमण गरी बास बस्नु नपरी सोही दिन आफ्नो कार्यक्षेत्रमा फर्किन सक्ने अवस्थामा सो दिनको लागि अनुसूची-१ मा तोकिएको दैनिक भ्रमण खर्चको एकचौथाई रकम पाउने छ ।

(२) यस ऐन बमोजिम उपलब्ध गराएको सवारी साधनबाट भ्रमण गर्दा यातायात खर्च पाउनेछैन ।

(३) उपदफा (१) बमोजिम भ्रमण गर्दा भ्रमण अवधिको बिमावापतको रकम सम्बन्धित गाउँ तथा नगर सभाले निर्णय गरेबमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम भ्रमण गर्दा तीन दिनसम्मको भ्रमण आदेश अध्यक्ष/प्रमुखको हकमा स्वयंले स्वीकृत गर्न सक्ने र सोभन्दा बढी दिनको भ्रमण आदेशको लागि कार्यपालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गर्नु पर्नेछ ।

(५) उपाध्यक्ष/उपप्रमुखले बढीमा दुई दिनसम्मको भ्रमण गर्नु पर्दा भ्रमण गर्नु पर्ने कारण र उद्देश्य अध्यक्ष/प्रमुखलाई जानकारी गराई स्वयंले भ्रमण आदेश स्वीकृत गर्न सक्नेछ र सोभन्दा बढी दिनको लागि अध्यक्ष/प्रमुखबाट भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ ।

(६) उपदफा (१) बमोजिम भ्रमण गर्दा सभाका अन्य सदस्यको हकमा अध्यक्ष/प्रमुखबाट भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सदस्यले एक पटकमा पन्ध्र दिनभन्दा बढी भ्रमण गर्नु परेमा त्यस्तो भ्रमणलाई सम्बन्धित गाउँ/नगर सभाबाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेछ ।

(८) यस दफा बमोजिम भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य¸ कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नु पर्नेछ र भ्रमणबाट फर्किएको तीन दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको व्यहोरा सहितको भ्रमण प्रतिवेदन समेत कार्यालयमा पेश गर्नु पर्नेछ ।

(९) भ्रमण सम्बन्धमा यस दफामा उल्लेख भए जतिका विषयमा यसै दफा बमोजिम र अन्य विषयको हकमा प्रचलित संघीय कानून बमोजिम हुनेछ । प्रदेश कानून लागू भएपछि भने सोहि बमोजिम हुनेछ ।

९. **दृष्टिविहीन र अशक्त सदस्यलाई विशेष सुविधा** : (१) कुनै सदस्य दृष्टिविहीन वा शारीरिक रुपले अशक्त भई हिंडडुल गर्न नसकि निजलाई सहयोगीको सेवा आवश्यक पर्ने भएमा गाउँ वा नगर कार्यपालिकाले त्यस्तो सदस्यलाई एकजना सहयोगी उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिमको सहयोगीले पाउने सुविधा सम्बन्धित कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**१०. <u>भत्ता तथा सुविधा वापतको रकम भुक्तानी</u>** : (१) यस ऐन बमोजिम सदस्यले पाउने सुविधा वापतको रकम गाउँ वा नगर कार्यपालिकाको कार्यालयबाट पाउनेछ । त्यस्तो रकम सम्बन्धित कार्यालयले सदस्यको बैंक खाता मार्फत भुक्तानी गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सदस्यको बैंक खाता खोल्न नसक्ने अवस्था भएमा निजले पाउने सुविधा वापतको त्यस्तो रकम सम्बन्धित सभाको सचिवालय तथा गाउँ वा नगर कार्यपालिकाको कार्यालयबाट उपलब्ध गराउन सकिनेछ।

**११. <u>सुविधा नपाउने</u>** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सदस्य आफ्नो पदबाट निलम्बित भएमा निलम्बित अवधिभर र फौजदारी अभियोगमा अदालतको आदेशबमोजिम थुनामा वा कैदमा रहेमा त्यसरी थुना वा कैदमा रहेको अबधिभरको लागि निजले यस ऐनबमोजिम पाउने कुनै पनि किसिमको सुविधा पाउने छैन ।

तर, त्यस्तो अभियोग प्रमाणित नभई अदालतबाट सफाई पाएमा निजले यस ऐन बमोजिमको सुविधा पाउन बाधा पर्ने छैन ।

**१२. <u>अनुसूचीमा हेरफेर गर्न सक्ने</u>** : प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सदस्यको सुविधा सम्बन्धी अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

**१३. <u>खारेजी र बचाउ</u>** : यो ऐन लागु हुनु पूर्व कुनै पनि शीर्षकमा यस ऐन बमोजिम हुने गरी सेवा सुविधा लिएको भए यसै ऐन बमोजिम लिएको मानिनेछ र नलिएको भए लिन बाधा पर्ने छैन।

[5]अनुसूची- १ (क)

(दफा ३ को उपदफा (१) र दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, गाउँ कार्यपालिका सदस्य तथा वडा सदस्यको सुविधा**

| क्र.सं. | सुविधाको प्रकार | इकाइ | अध्यक्ष | उपाध्यक्ष | वडाध्यक्ष | का.पा. सदस्य | वडा सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | बैठकभत्ता (प्रतिबैठक) | रु. | १००० | १००० | १००० | १००० | १००० |
| २ | टेलिफोन,मोवाइल (मासिक) | रु. | ३००० | ३००० | २००० | १५०० | १००० |
| ३ | खाजा (मासिक) | रु. | ५००० | ५००० | ३००० | १५०० | १५०० |
| ४ | पुस्तक,पत्रपत्रिका,इन्टरनेट (मासिक) | रु. | २००० | २००० | १००० | १००० | १००० |
| ५ | अनुगमनभत्ता (मासिक) | रु. | १०००० | १०००० | ४००० | २००० | ० |
| ६ | खानेपानी, बिजुली महशुल (मासिक) | रु. | २५०० | २५०० | १००० | ५०० | ५०० |
| ७ | सरसफाइ, मर्मत (मासिक) | रु. | २५०० | २५०० | १००० | १००० | ० |
| ८ | अतिथिसत्कार (मासिक) | रु. | ९००० | ५००० | ४००० | २००० | १५०० |
| ९ | स्वदेशभ्रमण भत्ता (प्रतिदिन) | रु. | १६०० | १६०० | १२०० | १२०० | १२०० |
| १० | विदेशभ्रमण भत्ता (प्रतिदिन) | अमेरिकीडलर | ८० | ८० | ७५ | ७५ | ७५ |
| ११ | यातायातखर्च (मासिक) | वटा/रु. | सवारी साधन-१ (सवारी साधन उपलब्ध नभए १००००) | सवारी साधन-१ (सवारी साधन उपलब्ध नभए १००००) | ४००० | २५०० | २००० |
| द्रष्टब्यः गाँउपालिकामा मासिक अनुगमन भत्ताभुक्तानी लिदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नु पर्नेछ । | | | | | | | |

[5] प्रदेश मन्त्रीपरिषद्द्वारा मिति २०७६/०३/०१ गते संशोधित

[6]अनुसूची-१ (ख)

(दफा ३ को उपदफा (१) र दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**<u>नगरपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यको सुविधा</u>**

| क्र.सं. | सुविधाको प्रकार | इकाई | प्रमुख | उपप्रमुख | वडाध्यक्ष | का.पा.सदस्य | वडा सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | बैठकभत्ता (प्रतिबैठक) | रु. | १००० | १००० | १००० | १००० | १००० |
| २ | टेलिफोन,मोवाइल (मासिक) | रु. | ४००० | ४००० | २५०० | १५०० | १५०० |
| ३ | खाजा (मासिक) | रु. | ५५०० | ५५०० | ३५०० | १५०० | १५०० |
| ४ | पुस्तक,पत्रपत्रिका,इन्टरनेट(मासिक) | रु. | २००० | २००० | २००० | १००० | १००० |
| ५ | अनुगमन(मासिक) | रु. | ११००० | ११००० | ४५०० | २००० | ० |
| ६ | खानेपानी, बिजुली(मासिक) | रु. | ३५०० | २५०० | १००० | १००० | १००० |
| ७ | सरसफाइ, मर्मत(मासिक) | रु. | ३००० | ३००० | १००० | १००० | ० |
| ८ | अतिथिसत्कार(मासिक) | रु. | १०००० | ६००० | ५००० | २५०० | २५०० |
| ९ | स्वदेश भ्रमण भत्ता (प्रतिदिन) | रु. | १८०० | १८०० | १२०० | १२०० | १२०० |
| १० | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १०० | १०० | ७५ | ७५ | ७५ |
| ११ | यातायातखर्च | वटा/रु. | सवारीसाधन (सवारी साधनउपलब्ध नभए रु.(१००००) | सवारीसाधन (सवारी साधन उपलब्ध नभए रु.१००००) | ४५०० | २५०० | २५०० |
| द्रष्टब्यः नगरपालिकामा मासिक अनुगमन भत्ता भुक्तानीलिदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नु पर्नेछ । | | | | | | | |

[6] प्रदेश मन्त्रीपरिषद्द्वारा मिति २०७६/०३/०१ गते संशोधित

## [7]अनुसूची-१ (ग)

(दफा ३ को उपदफा (१) र दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**उपमहानगरपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यको सुविधा**

| क्र.सं. | सुविधाको प्रकार | इकाई | प्रमुख | उपप्रमुख | वडाध्यक्ष | का.पा.सदस्य | वडा सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | बैठकभत्ता (प्रतिबैठक) | रु. | १००० | १००० | १००० | १००० | १००० |
| २ | टेलिफोन,मोवाइल (मासिक) | रु. | ४००० | ४००० | २५०० | १५०० | १५०० |
| ३ | खाजा (मासिक) | रु. | ५५०० | ५५०० | ३५०० | १५०० | १५०० |
| ४ | पुस्तक,पत्रपत्रिका,इन्टरनेट (मासिक) | रु. | २००० | २००० | २००० | १००० | १००० |
| ५ | अनुगमनभत्ता (मासिक) | रु. | १३००० | १३००० | ४५०० | २००० | ० |
| ६ | खानेपानी, बिजुली महशुल (मासिक) | रु. | ३५०० | २५०० | १००० | १००० | १००० |
| ७ | सरसफाइ, मर्मत (मासिक) | रु. | ३००० | ३००० | १००० | १००० | ० |
| ८ | अतिथिसत्कार (मासिक) | रु. | ११००० | ७००० | ६००० | ३००० | ३००० |
| ९ | स्वदेश भ्रमण भत्ता (प्रतिदिन) | रु. | २००० | २००० | १५०० | १५०० | १५०० |
| १० | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | ११० | ११० | ८० | ८० | ८० |
| ११ | यातायातखर्च | रु. | सवारीसाधन | सवारीसाधन | ५५०० | ३००० | ३००० |
| द्रष्टब्यः उपमहानगरपालिकामा मासिक अनुगमन भत्ताभुक्तानी लिदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नु पर्नेछ । | | | | | | | |

[7] प्रदेश मन्त्रीपरिषद्द्वारा मिति २०७६/०३/०१ गते संशोधित

[8]अनुसूची-१ (घ)

(दफा ३ को उपदफा (१) र दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**महानगरपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यको सुविधा**

| क्र.सं. | सुविधाको प्रकार | इकाई | प्रमुख | उपप्रमुख | वडाध्यक्ष | का.पा.सदस्य | वडा सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | बैठकभत्ता (प्रतिबैठक) | रु. | १००० | १००० | १००० | १००० | १००० |
| २ | टेलिफोन, मोवाइल (मासिक) | रु. | ४००० | ४००० | २५०० | १५०० | १५०० |
| ३ | खाजा खर्च (मासिक) | रु. | ५५०० | ५५०० | ३५०० | १५०० | १५०० |
| ४ | पुस्तक,पत्रपत्रिका,इन्टरनेट (मासिक) | रु. | २००० | २००० | २००० | १००० | १००० |
| ५ | अनुगमनभत्ता (मासिक) | रु. | १४००० | १४००० | ५५०० | २५०० | ० |
| ६ | खानेपानी, बिजुली महशुल (मासिक) | रु. | ३५०० | २५०० | १००० | १००० | १००० |
| ७ | सरसफाइ, मर्मत सम्भार (मासिक) | रु. | ३००० | ३००० | १००० | १००० | ० |
| ८ | अतिथिसत्कार (मासिक) | रु. | १२००० | १०००० | ७००० | ३००० | ३००० |
| ९ | स्वदेश भ्रमण भत्ता (प्रतिदिन) | रु. | २००० | २००० | १६०० | १६०० | १६०० |
| १० | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकीडलर | १२५ | १२५ | ८० | ८० | ८० |
| ११ | यातायात खर्च (प्रति महिना) | रु. | सवारीसाधन | सवारीसाधन | ५५०० | ३५०० | ३५०० |
| द्रष्टब्यः महानगरपालिकामा मासिक अनुगमन भत्ताभुक्तानी लिदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नु पर्नेछ । | | | | | | | |

[8] प्रदेश मन्त्रीपरिषद्द्वारा मिति २०७६/०३/०१ गते संशोधित

[9]अनुसूची - २

(दफा ४ सँग सम्बन्धित)

**गाउँ, नगर, उपमहानगर र महानगर सभाका सदस्यले पाउने बैठक भत्ता**

| क्र.सं. | सदस्यको प्रकार | अध्यक्ष | उपाध्यक्ष | सदस्य |
|---|---|---|---|---|
| १ | गाउँ सभा सदस्य (प्रतिबैठक) | १५०० | १००० | १००० |
| २ | नगर सभा सदस्य (प्रतिबैठक) | १५०० | १००० | १००० |
| ३ | उपमहानगर सभा सदस्य (प्रतिबैठक) | २००० | १५०० | १५०० |
| ४ | महानगर सभा सदस्य (प्रतिबैठक) | २५०० | २२०० | २००० |

[9] प्रदेश मन्त्रीपरिषद्द्वारा मिति २०७६/०३/०१ गते संशोधित

[10]अनुसूची-३

(दफा ६ सँग सम्बन्धित)

**गाउँ, नगर, उपमहानगर र महानगरका न्यायिक समितिका सदस्यले पाउने बैठक भत्ता**

| क्र.सं. | सदस्यको प्रकार | संयोजक | सदस्य |
|---|---|---|---|
| १ | गाउँपालिका न्यायिक समिति सदस्य (प्रतिबैठक) | १२०० | १००० |
| २ | नगरपालिका न्यायिक समिति सदस्य (प्रतिबैठक) | १४०० | १२०० |
| ३ | उपमहानगरपालिका न्यायिक समिति सदस्य (प्रतिबैठक) | १६०० | १४०० |
| ४ | महानगरपालिका न्यायिक समिति सदस्य (प्रतिबैठक) | २००० | १६०० |

[10] प्रदेश मन्त्रीपरिषद्द्वारा मिति २०७६/०३/०१ गते संशोधित